# अध्याय-एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'कक्षा तिनको मेरो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कविताहरुको विश्लेषणात्मक अध्ययन'** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय सिन्धुली बहुमुखी क्याम्पसअन्तर्गत नेपाली भाषा शिक्षा विभागको एम.एड दोस्रो वर्षको नेपाशि. ५९८ पाठ्यांशको आवश्यक्ता पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्या कथन

प्राथमिक तहको कक्षा तिनको 'मेरो नेपाली' किताबको अध्ययनले भाषिक सीप विकास तथा पाठ्यक्रम र पाठ्यपुस्तकको सुधार तथा परिमार्जनमा केहीमात्रमा भएपनि सघाउ पुऱ्याउने अपेक्षा लिई प्रस्तुत शीर्षक समस्याका रुपमा छनोट गरिएको छ ।

**प्रस्तुत शोधपत्रका समस्याहरु निम्नलिखित रहेका छन् :**

- विषयवस्तु र शब्द भण्डार चयनका दृष्टिले उपयुक्त छन् ?
- कक्षा तिनको नेपाली पाठ्यपुस्तकमा राखिएका कविताहरु पाठ्यक्रम अनुरुप छन् ?
- कविता विधाको अन्त्यमा दिइएका अभ्यासहरु विधागत प्रयोजन अनुरुप उचित छन् वा छैनन् ?

## १.४ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्र निम्न उद्देश्यमा केन्दित रहेको छः

क. विषयवस्तु र शब्दभण्डार चयनका दृष्टिले कक्षा तिनको पाठ्यपुस्तकमा समाविष्ट कविताको विश्लेषण गर्नु,

ख. पाठ्यक्रम अनुरुपताका आधारमा कविताको छनोट र स्तरण निर्धारण गर्नु,

ग. उक्त कवितामा प्रयुक्त नमुना अभ्यासको विश्लेषण गर्नु,

## १.५ पूर्वकार्यको समीक्षा

पूर्वकार्यले भावी कार्यलाई दिशा-निर्देश गर्दछ । प्राप्त हुन सकेका शीर्षक सम्बद्ध शोधसम्बन्धी पूर्वकार्यहरुबाट प्रस्तुत शोधकार्यको लागि आवश्यक सहयोग लिइएको छ ।

१. कमलराज खनालद्वारा 'मेरो नेपाली' किताब कक्षा ४ र ५ सजिलो नेपाली माला कक्षा ४ को तुलनात्मक अध्ययन (त्रि.वि. स्नातकोत्तर  शोधपत्र नेपाली भाषा विभाग २०५९) नामक शोधपत्रमा तुलात्मक अध्ययन मात्र गरिएको पाइन्छ । एवम् सरल र जटिलताका दृष्टिले विश्लेषण गरिएको पाइदैन ।

२. केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलद्वारा नेपाली भाषा र साहित्य शिक्षण ( काठमाडौं, २०६०) मा कविता शिक्षणको आवश्यकता, विधि, उद्देश्य र कार्यकलापका बारेमा मात्र उल्लेख भएको पाइन्छ ।

३. गोपाल वुढाथोकीद्वारा 'कक्षा सातमा कविता शिक्षणका लागि प्रयोग गरिएको शिक्षण विधिको अध्ययन' (त्रि.वि अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा विभाग २०६०) शीर्षकमा गरिएको कविता विधाको विश्लेषणमा भन्दा शिक्षण कार्यकलापमा केन्द्रित रहेको देखिन्छ ।

४. संगिता कार्कीद्वारा 'कक्षा ४ मा कविता शिक्षणका लागि गर्न सकिने विधाहरुको अध्ययन' (त्रि.वि. अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग २०५८) नामक शोधपत्रमा भाषा शिक्षणका महत्वपूर्ण विधिहरुको उल्लेख गरी ती विधिहरु मध्ये कविता विधामा उपयुक्त हुने विधिहरुको छनोट गरेको पाइन्छ ।

५.हेमाङ्गराज अधिकारीद्वारा 'नेपाली भाषाशिक्षण' (काठमाडौं विद्यार्थी पुस्तक भण्डार २०५७) नामक पुस्तकमा राखिएका विधाहरुको उपयोगिता शीर्षक अन्तर्गत

कविता विधाको चर्चा गरिनुका साथै यसको आवश्यक्ता र उपयोगिताको बारेमा उल्लेख गरिएको पाइन्छ ।

६. माधवप्रसाद आचार्य र रामप्रसाद गौतमद्वारा 'नेपाली भाषा र साहित्य शिक्षण' ( काठमाडौंः दीक्षान्त प्रकाशन २०६५) पुस्तकमा कविता शिक्षणको प्रयोजन तथा विधि उल्लेख गरेको पाइए पनि कस्ता खालका  कविता राख्न उपयुक्त हुन्छ, भन्ने उल्लेख पाइदैन् ।

७. रामप्रसाद लम्साल र अन्यद्वारा लिखित नेपाली भाषा शिक्षण काठमाण्डौ : भुँडीपुराण प्रकाशन (२०६२), नामक पुस्तकमा शिक्षणको सन्र्दभमा कविता विधाको प्रयोजन र उपयोगिता बारे विविध दृष्टिले विवेचना गरेको पाइन्छ ।

८. गोमा नेपालद्वारा गरिएको कक्षा ४ को 'मेरो नेपाली' किताबमा प्रयुक्त कविताको विश्लेषणात्मक अध्ययन (त्रि.वि. अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग २०६४) शिर्षकको शोधपत्रमा  पाठ्य-पुस्तकमा प्रयोग गरिएको कविताहरु स्तर अनुरुप लामा शब्द प्रयोगत रुपमा शब्दहरु अमिल्दो रहेकोले सिकाई गर्न असजिलो हुन गएको कुरा उल्लेख गरेको पाइदैन ।

९. नारायणप्रसाद रेग्मीद्वारा गरिएको **कक्षा ८ मा कविता शिक्षण गर्दा अपनाईएका शिक्षण विधिहरुको अध्ययन** (त्रि.वि. अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली भाषा शिक्षा विभाग २०६४) नामक शोधपत्रमा कविता विधा शिक्षण गर्दा आवश्यक पर्ने शिक्षण विधिहरुको उल्लेख गर्नुको सँगै शिक्षणलाई प्रभाबकारी गराउन प्रक्रियाहरुको सकारात्मक सुझाव दिइएको पाइन्छ ।

नारायण प्रसाद पाण्डेद्वारा **'कक्षा ५ को 'मेरो नेपाली' किताबमा प्रयुक्त कविताहरुको विश्लेषणात्मक अध्ययन'** नामक शीर्षकमा पनि शोधपत्र अध्ययन गरिएको पाइन्छ । यसैगरी कविता सम्बन्धि अन्य शोध अध्ययन पनि नभेटिने होइनन्

। विभिन्न विषय जस्तै सामाजिक, वातावरण, गणित, नेपाली भाषा पाठ्यपुस्तक तथा कक्षा ३ को 'मेरो नेपाली' किताबमा प्रयुक्त कविताहरुको विश्लेषणत्मक अध्ययन भने कसैबाट पनि भएको पाइदैन । त्यसैले यो प्रा.वि. स्तरको कक्षा ३ को 'मेरो नेपाली' किताबमा प्रयुक्त कविताहरुको विश्लेषणात्मक अध्ययन पहिलो हुने देखिन्छ । तसर्थ यसलाई अनुसन्धानको विषय बनाईएको हो ।

## १.६ शोधको महत्व / औचित्य

कुनैपनि देशको शिक्षा नीति तयार गर्दा समय र सिकाइ आवश्यकतालाई सन्दर्भ आधार मानी निर्माण गरिन्छ । यसरी निर्माण गरिएको पाठ्यक्रमले विद्यार्थीहरुको स्तर, रुचि, पूर्वज्ञान, उमेर आदिलाई ध्यान दिएको हुनु पर्दछ । भाषा पाठ्यपुस्तकको आधार भनेको भाषा पाठ्यक्रम रहेकाले शिक्षाका तहगत उद्देश्यहरुको छनोट गर्दा भाषिक सीपहरुको उपयुक्त विकास हुनसक्ने किसिमले गर्नु पर्दछ । भाषा शिक्षणका क्रममा भाषा पाठ्यपुस्तकलाई एक महत्वपूर्ण आधार सामग्री मानी सोही अनुरुपका उद्देश्य प्राप्तिका लागि पाठ्यक्रम पनि देशकाल र परिस्थिति सुहाउँदो हुनु पर्दछ । अध्ययन अनुसन्धान बिनाको पाठ्यक्रम र पाठ्यपुस्तकबाट विद्यार्थीहरुका निश्चित सीपको विकास समेत नभई राष्ट्र र अभिभावकले गरेको लगानी व्यर्थ हुन पुग्दछ । यस भाषा पाठ्यक्रम अन्तर्गत कविता विधा समावेश गरिनु महत्वपूर्ण मानिन्छ ।

**प्रा.वि तहको कक्षा ३ को भाषा पाठ्यपुस्तकमा प्रयुक्त कविता विधाको विश्लेषणात्मक अध्ययन** शीर्षकमा हालसम्म कसैले शोधकार्य नगरेको र यस अध्ययनले उक्त पाठ्यपुस्तकमा पाइने कमी कमजोरीहरुलाई निराकरण गर्दै लैजान र भविष्यमा निर्माण गरिने पुस्तकहरुलाई समयानुकूल र स्तरयुक्त बनाउन विशेष

योगदान दिनुका साथै पाठयपुस्तकमा समावेश गरिएका किताबहरुमा क्षेत्र र क्रम भाषिक सीपअनुरुप मिलानमा योगदान पुग्न सक्ने देखिएकोले अध्ययन महत्वपूर्ण/औचित्यपूर्ण देखिएको छ ।

## १.७ शोधकार्यको सीमा

यस शोधकार्यको निम्न सीमाहरु रहेका छन:-

क) प्रस्तुत अध्ययन नेपाल सरकारको शिक्षा मन्त्रालय पाठयक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा निर्धारित प्राथमिक तहको कक्षा ३ को 'मेरो नेपाली' किताबमा मात्र सीमित रहेको छ ।

ख) यो अध्ययन सो पाठयपुस्तकमा प्रयुक्त कविता विधामा मात्र सीमित रहेको छ ।

ग) कविताहरु विषयवस्तु शब्दभण्डार पाठ्यक्रम अनुरुपता तथा लयमा अभ्यासको विश्लेषणमा मात्र सीमित रहेको छ ।

घ) कविता विधाको अभ्यासमा दिइएको नमुना अभ्यासहरु विधागत प्रयोजन अनुरुप छन् , छैनन् सोको समेत अध्ययन गरिएको छ ।

## १.८ अध्ययन विधि

विषयवस्तु र समस्याका आधारमा शोधपत्र अध्ययन अनुसन्धानका लागि विभिन्न अध्ययन विधिहरु प्रयोग हुँदै आइरहे पनि यहाँ समीक्षात्मक र पुस्तकालयीय अध्ययन विधिलाई अध्ययनको आधार बनाइएको छ ।

## १.९ शोध पत्रको रुपरेखा

**प्रस्तुत शोधपत्र अध्ययनको रुपरेखा यस प्रकार रहेको छ :-**

**अध्याय एक** शोध परिचय

**अध्याय दुई** पाठ्यक्रम अनुरुपता तथा भाषा शिक्षणको दृष्टिले कविताको विश्लेषण

**अध्याय तीन** पाठयपुस्तकमा प्रयुक्त कविताको संरचनागत विश्लेषण

**अध्याय चार** नमुना अभ्यासको अध्ययन

**अध्याय पाँच** निष्कर्ष र सुझावहरु

# अध्याय-दुई

## पाठ्यक्रम अनुरुपताका दृष्टिले कविताको विश्लेषण

### ३.१. प्राथमिक तहको भाषा पाठ्यक्रम

शिक्षाको उद्देश्य निर्धारण गरिसकेपछि त्यसलाई सुव्यवस्थित पार्ने निर्देशनको माध्यम नै पाठ्यक्रम हो । पाठ्यक्रमले सिकाइको क्रम र विषयवस्तुमा आधारित भएर सैद्धान्तिक तथा प्रायोगात्मक लक्ष्यहरु समेटेको हुन्छ । त्यसमा शैक्षिक, साँस्कृतिक, राजनैतिक तथा राष्ट्रिय प्रकृतिको झलक समेत पाइन्छ ।

पाठ्यक्रममा कुनै खास तहको उद्देश्य निर्धारण गर्न निर्धारित उद्देश्य अनुरुप विषयवस्तु छनोट गर्न सिक्ने/सिकाउने विधि, आवश्यक सामाग्री तथा मूल्याङ्कन प्रविधि समेत उल्लेख गरिएको हुन्छ । पाठ्यक्रमले उपलब्धिको लेखाजोखा के, कसरी, कहिले, कुन प्रक्रिया अपनाई गर्ने भन्ने जस्ता योजना पनि व्यवस्थित रुपमा तयार गर्दछ । पाठ्यक्रमले शिक्षकलाई विद्यार्थीको व्यक्तिगत विभिन्नता पत्ता लगाई उनीहरुको दक्षता, क्षमता, अनुभव, रुचि आवश्यता अनुसार विषयलाई क्षेत्र तथा क्रम मिलाई विषयवस्तुलाई सङ्गठित र व्यबस्थित गरी विद्यार्थी सामु पुऱ्याउने लक्ष्य लिएको हुन्छ । (ज.ब.रा./श्रेष्ठ/रंजितकार:-पृ १८/०६२) ।

भाषा पाठ्यक्रमका सन्दर्भमो पाठ्यक्रमले शैक्षिक सांस्कृतिक दर्शन जनाउने थुप्रै साधारण लक्ष्यहरु भाषा सिकाइबाट पूरा गर्दछ । नेपाली भाषा पाठ्यक्रमले तयार गरेअनुसार पूर्व प्राथमिक शिक्षालाई प्राथमिक शिक्षाको पूर्व तयारीका रुपमा र प्राथमिक शिक्षालाई निम्नमाध्यमिक शिक्षाको तयारी कक्षाका रुपमा लिइने गरेको पाइन्छ ।

प्राथमिक तहको शिक्षाले बालबालिकाहरुको निम्नलिखित पक्षमा विकास गर्ने उद्देश्य राखेको छ-

- राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराइ नैतिकता, अनुशासन र स्वाबलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्ने,
- आधारभूत भाषिक तथा गणितीय सीप विकास गर्ने,
- विज्ञान, सूचना प्रविधि, वातावरण र स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञान तथा जीवनोपयोगी सीपको विकास गर्ने,
- कला सौन्दर्यप्रति अभिरुचि जगाई सिर्जनशील सीपको विकास गर्ने ,
- विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र क्षेत्रप्रति समभाव जगाई समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउने,
- मानवअधिकार तथा सामाजिक मूल्यमान्यताप्रति सचेत भई जिम्मेवारपूर्ण आचरणको विकास गर्ने ,

यिनै उद्देश्यहरुअनुरुप प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले कक्षा १-३ मा लागु गरेको पाठ्यक्रमको ढाँचा निम्नानुसार उल्लेख गरिएको छः

**तालिका नं.१**

**प्राथमिक तह कक्षा १-३ को पाठ्यक्रम ढाँचा**

| क.सं. | विषयहरु | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ८ | १०० |
| २ | गणीत | ६ | १०० |
| ३ | अंग्रेजी | ५ | १०० |
| ४ | सामाजिक अध्ययन तथा सिर्जनात्मक अभिव्यक्तिशिल कला | ६ | १०० |
| ५ | विज्ञान स्वास्थ्य शारीरिक शिक्षा | ५ | १०० |

| | | | |
|---|---|---|---|
| ६ | स्थानीय मातृभाषा | ४ | १०० |
| जम्मा | | ३४ | ६०० |

**३.२ भाषा विषयमा हासिल गर्ने सिकाइ उपलब्धिहरु**

प्राथमिक शिक्षा पाठ्यक्रम, २०५९ ले कक्षागत उद्देश्यहरु निर्धारण नगरी कक्षा एकदेखि पाँचसम्मका सबै विषयहरुलाई एकीकृत रुपमा प्राथमिकस्तरको उद्देश्य निर्धारण गरेको पाइन्छ ।

- राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्वन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्ने,
- आधारभूत भाषिक सीप विकास गर्ने,
- विज्ञान, सूचना प्रविधि, वातावारण र स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञान तथा जीवनोपयोगी सीपको बिकास गर्ने,
- कला सौन्दर्यप्रति अभिरुचि जगाई सिर्जनशील सीपको विकास गर्ने,
- विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र क्षेत्रप्रति समभाव जगाई समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउने,
- मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारपूर्ण आचरणको विकास गर्ने शिक्षाको उद्देश्य रहेको छ ।

कक्षा तीनको अन्त्यमा नेपाली भाषा विषयमा हासिल हुने सिकाइ उपलब्धिहरु निम्नानुसार उल्लेख गरिएको छ -

**सुनाइ र बोलाइ**

- शब्दहरुको शुद्ध र स्पष्ट उच्चारण गर्न,
- उच्चारित ध्वनिको भिन्नता पहिल्याउन र सोहीअनुरुप उच्चारण गर्न ,

- अरुले वर्णन गरेको कुराहरु बुझी आफ्ना शब्दमा व्यक्त गर्न,
- आफूले देखेका, सुनेका र पढेका वातावरण तथा घट्नाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न,
- साहित्यिक विधाका पाठहरु आनन्द लिने गरी पढ्न र प्रतिक्रिया जनाउन,
- उखान टुक्काहरुको अर्थ बुझी उपयुक्त ढङ्गले प्रयोग गर्न,
- हिज्जे र वाक्यगठन मिलाई सफा र शुद्धसँग लेख्न,
- विभिन्न चिह्नहरुको उपयुक्त ढङ्गले प्रयोग गर्न,
- आफूले देखेको, सुनेको र पढेको वस्तु, वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न,
- बिभिन्न किसिमका वर्णन तथा अभिव्यक्ति सुनी तिनका मुख्य कुराहरु भन्न,
- शब्द, वाक्य र पाठका अंश सुनेर लेख्न,
- सुनेका, पढेका विषयवस्तुको सारांश लेख्न,
- पाठका विशिष्ठ अंशहरुको भावविस्तार गर्न,
- आफ्ना रुचि अनुसारका विषयमा मौलिक रचना गर्न,
- व्याकरणका आधारभूत तत्व बुझी तिनको उपयुक्त प्रयोग गर्न ।

(प्रा.वि.पाठ्यक्रम २०५९)

**३.३ भाषिक सीप विकासका क्षेत्रहरु**

**३.१ उच्चारण**

सबै शब्दहरुको शुद्ध र स्पष्ट उच्चारण गर्न ।

**३.२ बोध (श्रुति र पठन)**

- सुनेका र पढेका विषयवस्तुहरुमा भएका घट्ना र विचारहरुमा विद्यमान कारण र सम्बन्ध व्यक्त गर्न,
- कुनै पाठ्यवस्तु सुनिसकेपछि वा पढिसकेपछि सोधिएका प्रश्नका सम्बन्धमा आफ्नो विचार व्यक्त गर्न ।

**३.३.३ कार्यमूलक व्याकरण**

कार्यमूलक व्याकरणका नियमहरुको पालना गरी अभिव्यक्त गर्न ।

**३.३.४ शब्दकोश**

- शब्दकोशको प्रयोग गर्न ।

**३.३.५ शब्दभण्डार**

- शब्दहरु वाक्यमा प्रयोग गरी बोल्न ।

भाषिक सिपका क्षेत्रहरुलाई शिक्षकबाट नै सामान्ययीकरण गरी विधार्थी केन्द्रीत अभ्यासमुखी बनाउनु पर्ने देखिन्छ ।

## ३.४ विधाको क्षेत्र र क्रम

भाषा शिक्षणमा भाषिक सीपको सिकाइमा जोड दिइने भए तापनि विषयवस्तुको अभावमा सीप सिकाइको कल्पना गर्न सकिँदैन । विषयवस्तुविना भाषिक पाठ्यवस्तु प्रस्तुत गर्न सम्भव हुँदैन । विषयवस्तुहरु पनि हरेक पाठमा एउटै किसिमले प्रस्तुत गर्नुभन्दा विभिन्न ढाँचा र शैलीमा प्रस्तुत गर्नु सिकाइका दृष्टिले रुचिपूर्ण र भाषिक अनुभवका दृष्टिले विविधतापूर्ण हुने हुन्छ । प्रस्तुतिका यस्तै भिन्नतालाई विधा भनिन्छ । विधाले साहित्यको हाँगालाई जनाउँछ । साहित्यको विधि ढाँचाका अभिव्यक्त तथा रचनालाई विधाका रुपमा लिइन्छ ।

(नि.मा.वि. पाठ्यक्रम २०५९)

क्षेत्र भन्नाले विधाले ओगटेको स्थान र क्रम भन्नाले क्रमिकता भन्ने बुझिन्छ । कविता विधाको क्षेत्र निर्धारण गर्दा एकै किसिमका कविताहरु पाठ्यक्रममा राखियो भने पाठ्यक्रमले निर्धारित उद्देश्य पूरा हुन सक्दैन । त्यसैले विविध क्षेत्रबाट विषयवस्तुको सङ्कलन गर्नु सबल पाठ्यक्रमको गुण मानिन्छ । पाठ्यवस्तुहरु भएर मात्र हुँदैन तिनको क्रमिकतामा पनि उत्तिकै ध्यान दिनुपर्छ । क्रम मिलाउँदा सरलबाट जटिलको क्रममा उन्मुख हुनुपर्दछ ।

प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कविता विधाको क्षेत्र र क्रम निम्नानुसार उल्लेख गरिएको छ । (नि.मा.वि पाठ्यक्रम २०५९)

**नैतिक**

नैतिक वा नीतिमूलक कविताको अध्ययनले विद्यार्थीहरुलाई ज्ञान दिने हुँदा नैतिक रुपमा सचेत रही आत्मानुशासनको बोध गराउँछ । आत्मिक र मानसिक शुद्धि गराइ विद्यार्थीहरुलाई सही मार्गमा हिँडाउन सहयोग पुऱ्याउने हुँदा यस्ता कवितालाई पाठ्यपुस्तकमा समावेश गरेको पाइन्छ ।

**प्राकृतिक**

मानिस जन्मेपछि प्राकृतिक वातावरणमा आउँछ । प्रकृतिको सहायताले उसले आफ्ना चलखेललाई अगाडि बढाउँछ । प्रकृतिमा रमाउँछ, हाँस्छ र बस्छ । त्यसले गर्दा स्वच्छ र रमणीय वातावरणले मानिसका भावनाहरु जागृत हुन्छ । त्यसैको अनुकरण गरेर साहित्यिक सृजना पनि प्रस्फुटन हुन पुग्छ ।

**सामाजिक/सांस्कृतिक**

पाठ्यक्रममा समावेश गरिने हरेक विषयवस्तु समाजबाट नै लिइएका हुन्छन् । मानिस सामाजिक प्राणी भएकाले समाज बाहिर रहन सक्दैन । त्यसैले समाज उसको प्रत्यक्ष सम्पर्कमा रहन्छ । पाठ्यक्रम निर्माण गर्दा समाजको प्रत्यक्ष प्रभाव परेको हुन्छ । समाजमा मिलेर बस्न उत्तरदायित्व बोध गर्न तथा कर्मयोगी बनेर जीवन सफल पार्न, श्रममा विश्वास गर्न, देशप्रेम गर्ने भावव्यक्त गर्दै पाठ्यक्रमले सहज जीवनयापनमा सहयोग पुऱ्याउँछ ।

प्राथमिक शिक्षा पाठ्यक्रमअन्तर्गत कक्षा तीनको मेरो नेपाली किताबमा सामाजिक, नैतिक र प्राकृतिक विषयका क्षेत्रका कविताहरु समावेश गरिएको छ । छनोट गरिएका विषयवस्तुलाई शिक्षण सिकाइको सिद्धान्तका आधारमा क्रमबद्ध रुपमा राख्नु पर्ने हुन्छ । यस्तो सिद्धान्त सरलबाट जटिलतिर, स्थूलबाट सूक्ष्मतिर, ज्ञातबाट अज्ञाततिर हुनुपर्दछ । यस परिप्रेक्ष्यमा 'मेरो नेपाली' किताब कक्षा ३ मा प्रयुक्त कविताहरु उपयुक्त देखिन्छन् ।

कक्षा तीनको 'मेरो नेपाली' किताबमा कविता विधाका ६ ओटा पाठहरु छन्। पाठ्यपुस्तकमा एउटै विधाका पाठहरुले विद्यार्थीहरुमा निरसता थप्ने हुनाले विधागत विविधता अपनाइएको छ । यस कक्षामा राखिएको पाठलाई हेर्दा पहिलो पाठनै 'मेरो देश' कविता रहेको  छ भने प्रत्येक दुईओटा पाठपछि 'किताब', 'खेतीवाल' 'नेपाली', 'घामछाँया', 'सानु छ है सानु' कविता राखिएको छ । क्षेत्र र क्रम मिलाउने क्रममा बालमनोविज्ञानलाई छुने प्रयत्न गरे पनि क्षेत्र र क्रमको स्पष्टता झल्किन सकेको देखिंदैन ।

## ३.५ भाषा शिक्षणका दृष्टिले कविताको प्रयोजन

पाठ्यपुस्तकमा समावेश गरिएका विधाहरुमध्ये कविता विधा पनि एक हो । यो महत्वपूर्ण र सर्वप्राचीन विधा हो । सौन्दर्यानुभूतिका माध्यमबाट भावनाको परिष्कार गर्न कविता विधा उपयुक्त मानिन्छ । सरल भाषामा लेखिएको लय तथा भावले पूर्वकविताहरुले विद्यार्थीहरुलाई आनन्दित गराउने हुँदा यसका माध्यमले विद्यार्थीको शुद्ध उच्चारण गर्ने तथा लय हाली पढ्ने बानीको विकासमा सहयोग मिल्दछ । कविता विधाको अध्ययनले विद्यार्थीहरुमा बोध क्षमता र कल्पना शक्तिको विकास गर्न सहयोग पुऱ्याउने हुनाले यस कवितालाई समावेश गरिएको पाइन्छ ।

विद्यालय तहका पाठ्यपुस्तकमा दिइएका कविताहरु मुख्यतः लयबद्ध, पठन, शुद्धोच्चारण भावबोध र छन्दबोधका अभ्यासका लागि उपयोगी हुन सक्छन् ।

यसमा भाषाले विशिष्टता प्रदान गर्ने हुँदा भाषिक अभिव्यक्ति  स्पष्ट हुनुपर्दछ । जसले भाषाशिक्षण गर्ने क्रममा गति, यति, लय मिलाई सस्वर पठन गराउन, शुद्धोचारण, वाक्य गठन, हिज्जे र अन्य व्याकरणात्मक अभ्यास गर्न सरल हुन्छ । यसैगरी शव्दभण्डार, उच्चारण आदिको विकासमा सहयोग समेत पुऱ्याउँछ । नेपाली भाषाको पाठ्यक्रममा भएका उद्देश्यहरु समाविष्ट कविताहरुबाट पनि पाठ्यपुस्तक पूरा हुने खालका देखिन्छन् ।

कविता शिक्षणको प्रयोजन बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

- गति यति र लय मिलाई सस्वरवाचन गर्नु,
- शुद्ध उच्चारण गर्ने क्षमता अभिवृद्धि गर्नु,
- भावार्थ बताउन सक्ने तुल्याउनु,
- शब्दभण्डारको वृद्धि तथा शब्द प्रयोग र वाक्य रचनामा दक्षता बढाउनु,
- कविताका विशिष्ट पङ्तिलाई व्याख्या गर्ने क्षमताको विकास गर्नु ,
- भाषिक सीपहरुको विकास र अभिव्यक्ति क्षमता बढाउनु,
- सारांश कथन र लेखन क्षमताको बिकास गर्नु,
- विविध शैलियुक्त भाषा प्रयोग र पहिचान क्षमता बढाउनु,

सिर्जनात्मक क्षमता र कल्पना शक्तिको बिकास गराउनु आदि, (प्रा.वि.पाठ्यक्रम २०५९) ।

भाषिक प्रयोजनका दृष्टिले प्रस्तुत पाठ्यपुस्तकका कविताहरुलाई लय, शब्द एवम् भावका दृष्टिले सरलीकरण गरी शिक्षण गराउनुपर्ने देखिन्छ । भाषिक संरचनाको विधानअनुसार कक्षा तीनको सरदर विद्यार्थीहरुले कविता शिक्षण दक्षता प्राप्ति गर्न जटिल देखिन्छ । शिक्षण निर्देशन, शिक्षण कार्यकलापका लागि उपयोगी वन्ने देखिन्छ ।

## सारांश

विद्यालय तहको पाठ्यक्रममा सीप प्रदान गर्ने उद्देश्यहरुमा त्यसको व्याख्या गर्नुपर्दछ । कविता सामान्यतः भाषाका चारओटै (सुनाइ, बोलाइ, पढाइ र लेखाइ)

सीपहरु  प्राप्त हुन सक्ने पक्ष विधा हो । यसमा सरसर्ती सस्वरवाचन गरेर प्रश्नोत्तर गर्दा सुनाइएका क्रियाकलाप गराउन सकिन्छ । बोलेर राम्ररी बुझ्ने गरी हाउभाउसहित अभ्यास गर्दा स्वतः बोलाइ सीपको विकास हुन सक्छ । आँखाले राम्ररी हेरी गति, यति, लय मिलाइ सस्वरवाचन गर्दा पढाइ सीपको विकास हुन्छ । यसैगरी यसबाट गराउन सकिने विभिन्न प्रकारका प्रश्न (संक्षिप्त उत्तरात्मक, लामा उत्तर आउने प्रश्न र व्याख्या गर्ने प्रश्न) आदि दिई लेखन अभ्यास गराउँदा विद्यालय तहमा कविता विधाका माध्यमबाट भाषाका चारओटै सीपको विकास गर्न सकिने भएकोले यो विधा एउटा महत्वपूर्ण विधाका रुपमा रहेको स्पष्ट हुन्छ । लयवाचन तथा उच्चारणमा प्रयुक्त कविताहरु उपयोगी नै देखिन्छन् ।

# अध्याय-तीन

## पाठ्यपुस्तकमा प्रयुक्त कविताहरुको विश्लेषणात्मक अध्ययन

### ४.१. मेरो देश (कविता)

#### ४.१.१. शीर्षक विधान

'मेरो देश' शीर्षकको कविता कवि सोफिया बानोद्वारा रचित देखिन्छ । 'मेरो' र 'देश' छुट्टाछुट्टै स्वतन्त्र शब्द बीचमा षष्ठी विभक्ति लागेर 'मेरो देश' शीर्षक बनेको छ । शीर्षकसँग समायोजित हुँदै कविताको विषयवस्तु अगाडि बढेको छ । देशप्रेम भाव जागरणका लागि विषय विस्तार गरिएको छ देश खोज्दै जाँदा अन्ततः यस कवितामा कविले आफ्नो देश आफैंसँग पाएको अनुभवलाई वाणी दिएका छन् ।

जुन दिन कविले आफ्नो छातीभित्र देश भेटे त्यसदिन मेची, कोसी, सेती, काली, कर्णाली सबै मुटुबाट रगत बनेर बगेको पाए ।

देशको घरबार भनेको पहाड, मधेश, हिमाल सबै हो र देशको परिवार भनेको सबै जात र सबै वर्ग हो । कविलाई देशले नेपालीको आँशु पुछ भनेर भन्छ । मैले नेपाललाई बिर्सनु हुँदैन । यदि मैले नेपाललाई बिर्से भने कसले मलाई गन्छ ? भनेर प्रस्तुत कवितामा कविले देश खोज्नको लागि जहाँतहिँ धाएका तर आखिरमा आफ्नो देश आफ्नै छातीभित्र पाएको कुराको वर्णन यस कवितामा गरिएको हुनाले यस कविताको शीर्षक 'मेरो देश'  सार्थक देखिन्छ ।

### ४.१.२ कविताको संरचना

यस कवितामा ४ पाउको एक श्लोक रहने संरचना विधान अवलम्वन गरिएको छ । यसरी हेर्दा कविता १२ पङ्क्तिमा संरचित देखिन्छ । संरचनाको दृष्टिले कविता छोटो छरितो र लययुक्त नै मान्नु पर्ने हुन्छ ।

### ४.१.३ भाव विधान

'मेरो देश' कवितामा कविले देश खोज्न अन्त कतै जानुपर्दैन । देश देशवासीकै आत्मामा रहेको हुन्छ । आफूभित्र नै देश पाएको दिन घर, परिवार, छिमेक र राष्ट्र सबै स्वतः अटाउँछन् । यसर्थ सबै मिलेर देशलाई चिनी यसको संरक्षणका लागि राष्ट्रप्रेमी भावको विस्तार गर्नुपर्ने भाव कविबाट अभिव्यक्त गरिएकोले भाव ओजपूर्ण बन्न पुगेको छ ।

### ४.१.४ लय विधान

कक्षानुरुप छन्द विधानलाई भन्दा त्यसको लयात्मक विशेषतालाई सरल र सरस उच्चारणमा ढालेर लयवाचनको विकास गराउनु राम्रो देखिन्छ । छन्दले पनि श्रूति, मधुर लय सिर्जनाकै काम गर्ने हुनाले यस कक्षामा लयलाई नै ध्यान दिनु राम्रो हुने देखिन्छ । यसर्थ यस कविताको लय विधान लयात्मक श्रुति माधुर्य रहेको छ ।

### ४.१.५ शब्द भण्डार

'मेरो देश' कवितामा १६७ शब्दहरु प्रयोग भएको पाइन्छ । शब्दहरु प्रायः तत्सम, तद्भव शब्द स्रोतबाट आएका छन् । उदाहरणको लागि तत्सम शब्द र तद्भव शब्दलाई निम्नानुसारको तालिकामा देखाइएको छ-

| तत्सम शब्द | तद्भव शब्द |
|---|---|
| कति, मानचित्र, देश, जात, परिवार, वर्ग, तीर, दिन, कालि, नेपाल आदि । | रगत, पहाड, मधेश, हिमाल, छातीभित्र, लेक, बेँशी, तराई, जुन, डाँडाकाँडा, मेची, कोशी आदि । |

## ४.२ किताब (कविता)

### ४.२.१ शीर्षक विधान

किताब कविता कवि सिद्धिचरण श्रेष्ठको एक उत्कृष्ट कविता हो । प्रस्तुत कवितामा किताबको गुणगानको बारेमा बयान गरिएको छ । प्रस्तुत कवितामा कविले किताबको गुणगानको बयान गर्न म सक्दिन किनभने म अन्जान छु । मलाई केही पनि थाहा छैन । किताबले कहिल्यै पनि झर्को नमानिकन नयाँ-नयाँ ज्ञान दिन्छ । किताबले नै कथा कहानी इतिहास विज्ञानको नयाँ, पुराना सम्पूर्ण कुराको एकेक गरेर बताइदिन्छ ।

किताबभित्र सबै जनाको दरबार सधै खुला छ । किताव सत्ज्ञान बाँड्ने उपकारी भारी हो । किताबले मानिसको जीवनमार्ग देखाइदिन्छ । राम्रा-राम्रा किताब पढेर यसले सबै अज्ञानलाई सखाप पार्छ भनेर प्रस्तुत कवितामा कविले किताबको गुणगानको बयान गरेकाले कविताको शीर्षक सार्थक देखिन्छ ।

### ४.२.२ संरचना पक्ष

यो कविताको संरचना पक्षलाई हेर्दा प्रत्येक श्लोकमा चार पाउ रहेको देखिन्छ । कविता जम्मा १६ पङ्क्तिमा आबद्ध गरिएको छ ।

### ४.२.३ भाव विधान

कवि सिद्धिचरण श्रेष्ठद्वारा लिखित प्रस्तुत कवितामा कविले किताबको गुणगान गरिएको छ । किताबले कहिल्यै पनि झर्को नमानिकन नयाँ-नयाँ ज्ञान दिने र यसमा कथा, कहानी, इतिहास विज्ञानका नयाँ, पुराना ज्ञान रहने हुनाले ज्ञान आर्जन गरी जीवन सफल बनाउनुपर्ने भाव व्यक्त गरिएको छ । अध्ययनमा किताबलाई महत्वपूर्ण सामाग्री मानिने हुनाले यसको गरिमालाई बुझ्न यसले सहयोग गर्दछ ।

### ४.२.४ लय विधान

यस कवितामा उपजाति छन्दको प्रयोग गरिएको छ । यसको पाँचौ अक्षरपछि विश्राम हुन्छ । यस कवितामा इन्द्रवज्रा र उपेन्द्रवज्रा दुबै छन्द मिलेको छ । त्यसैले यो कविता उपजाति छन्दमा लेखिएको छ । इन्द्रवज्रा र उपेन्द्रज्रा दुबैको गण यस कवितामा मिलेको छ । छन्दलाई लयमा ढालेर लयवाचनको अभ्यास गराउन छन्दले सहयोग गर्ने देखिन्छ ।

### ४.२. ५ शब्द भण्डार

प्रस्तुत कवितामा प्रयोग भएका शब्दहरुको सङ्ख्या १६७ रहेका छन् । स्रोतका दृष्टिले तत्सम र तद्भव शब्दको प्रयोग गरिएको छ । उदाहरणको लागि तत्सम शब्द र तद्भव शब्दलाई तालिकामा निम्नानुसार देखाइन्छ :

| तत्सम शब्द | तद्भव शब्द |
|---|---|

| | |
|---|---|
| कति, कथा, अज्ञान, गुण, हतास, मनुष्य, जीवन, इतिहास, नाना, भारी, सम्पूर्ण आदि । | बखान, अजान, कहानी, पुरानो, राम्रो आदि । |

## ४.३ खेतीवाल (कविता)

कवि पारसमणि प्रधानद्वारा रचित प्रस्तुत कविताको शीर्षक “खेतीवाल” रहेको छ । “खेती” र “वाल” छुट्टाछुट्टै बीचमा षष्ठी तत्पुरुष समास भई “खेतीवाल” शब्दको व्युत्पादन भएको छ । शीर्षकसँग समायोजित हुँदै कविताको विषयवस्तु अगाडि बढेको छ । यस कवितामा कविले खेतीवालको दिनचर्याको वर्णन गरेका छन् । खेतीवाल परिश्रमी, मिहेनेती छ । उसको चाल सामान्य र नम्र छ । उसलाई ठूलो घर चाहिँदैन र मीठा कुरामा पनि कहिल्यै लोभ गर्दैन ।

खेतीवाल बिहान सबेरै खेतमा गएर हल गोरु नारेर, खेत खनी, जोती तयारी पारेर धान, मकै, गहुँ उमारेर आफ्ना जहानलाई अन्न पुऱ्याउँछ ।

खेतीवाललाई सम्पतिको लोभ छैन । धनी हुनाले कहिल्यै सुख पाइँदैन भन्ने कुरा उसलाई थाहा छ । खेतीवाल आफ्नो जीवन सधै ढुक्क मानी बितोस् भन्ने चाहन्छ ।

खेतीवाललाई हलो, जुवा, गोरु र खेतबारी ईश्वरले राखिदिए र त्यसैमा उद्योग गरेर अन्न कमाई आफ्नो जीवन खुसी भई बिताउँछु भनेर प्रस्तुत कवितामा खेतीवालको वर्णन गरिएको हुनाले यस कविताको शीर्षक सार्थक देखिन्छ ।

### ४.३.२ संरचना पक्ष

प्रस्तुत कविता ४ पाउको एक श्लोक रहने गरी जम्मा १६ पङ्क्तिमा संरचित देखिन्छ । संरचना पक्ष कसिलो देखिन्छ ।

### ४.३.३ भाव विधान

प्रस्तुत कवितामा कवि पारसमणि प्रधानले खेतीवालको वर्णन गरेका छन् । खेतीवाल मिहेनेती र परिश्रमी छ । उसलाई ठूलो घर चाहिँदैन, मीठो कुरामा कहिल्यै लोभ गर्दैन । बिहान सबेरै खेतमा गएर काम गरी अन्न उमारेर उ आफ्नो जहाँनलाई पुग्ने अन्न खेतमा उब्जाउँछ । खेतीवाललाई सम्पतिको लोभ छैन । धनी हुनाले सुख नहुने कुरा उसलाई थाहा छ । उ सधै आफ्नो जीवन ढुक्कसँग बिताउन चाहन्छ ।

खेतीवाललाई ईश्वरले हलो, जुवा, गोरु र खेतबारी राखिदिए र त्यसैमा उद्योग गरेर अन्न कमाई प्रसन्न भएर आफ्नो जीवन खेतीवालले बिताउँछ भन्ने भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

### ४.३.४ लय विधान

यस कवितामा उपजाति छन्द प्रयोग संयोजित लयविधान मिलाइएको छ । यसको पूर्वकवितामा समेत यस छन्दको प्रयोग गरिएकाले पुनरावृत्तिको सिद्धान्तनुरुप लयवाचनमा पृष्ठपोषण मिल्ने देखिन्छ ।

### ४.३.५ शब्दभण्डार

प्रस्तुत “खेतीवाल” कवितामा जम्मा १६७ शब्द रहेका छन् । शब्दहरु तत्सम, तद्भव स्रोतबाट लिइएको छ । उदाहरणका लागि तत्सम र तद्भव शब्दहरुलाई निम्नानुसार तालिकामा देखाइन्छ :

| तत्सम शब्द | तद्भव शब्द |
| --- | --- |

| | |
|---|---|
| परिश्रमी, सामान्य, सम्पत्ति, उद्योग, ईश्वर, प्रसन्न, लोभ, जन्तु, जीवन, नम्र, मानी, धनी, सुख आदि । | खेत, मकै, बिहान, गोरु, जौ, धान, पानी आदि । |

### ४.४ नेपाली (कविता)

### ४.४.१ शीर्षक विधान

प्रस्तुत “नेपाली” कविता कवि चन्द्रप्रसाद न्यौपानेको एक उत्कृष्ट कविता हो । प्रस्तुत कवितामा कविले नेपालीको वर्णन गरेका छन् । नेपालीको शिर हिमालचुली जस्तै छ । कसैले छुन सक्दैन । नेपाली हुनका लागि नेपालीले नेपालीकै गीत गाउँछ । नेपालीको पहिचान भनेको स्वाभिमानी र शान्तिप्रेमी हो । नेपालीले कयौ साम्राज्य हारे पनि कहिल्यै नडराई त्यही हारेकै साम्राज्यपट्टि फेरी खुकुरी बनेर नेपाली फर्कन्छ । नेपालीको खेती भनेको पसिना हो र यो उसको जीवनको ढाल पनि हो ।

नेपालीले विश्वमाझ स्वाभिमानी को छ ? भनी सोध्दा नेपाली आफै स्वाभिमानी भएको कुरा बताए । नेपाली नेपालीकै गुनको निम्ति लड्छ र नेपाली आफैले स्वाभिमानी हुन जानेको छ भन्ने कुरा प्रस्तुत कवितामा व्यक्त गरेर नेपालीको गुनगानको वर्णन गरिएको हुनाले यस कविताको शीर्षक नेपाली राख्नु शीर्षक विधान अनुसार सार्थक देखिन्छ ।

### ४.४.२ संरचना पक्ष

यस कविताको संरचना पक्षलाई हेर्दा प्रत्येक श्लोकमा ४ पाउ रहेका छन् । यो कविता जम्मा १२ पङ्क्तिमा संरचित छ ।

**४.४.३ भाव विधान**

प्रस्तुत कवितामा कवि चन्द्रप्रसाद न्यौपानेले नेपालीहरुको वर्णन गरेका छन् । नेपालीहरुको शिर हिमालचुली जस्तै छ, कसैले छुन सक्दैनन् । नेपालीले नेपाली हुनको लागि नेपालीकै गीत गाउँछ र गाउनु पनि पर्छ । नेपालीको पहिचान भनेकै स्वाभिमानी शान्तिप्रेमी प्रवृत्ति हो ।

नेपालीले सामाज्यवादीलाई खुकुरी देखाएरै धपाए । नेपालीको खेती भनेको पसिना हो । विश्वमाभ्क स्वाभिमानी को छ ? भनी सोध्दा, नेपाली नै हुन् भन्ने जवाफ आउने हुनाले आफै स्वाभिमानी भई निष्पक्ष भै बोले । नेपालीको सान रहने भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

**४.४.४ लयविधान**

यस कवितामा लोक छन्दअन्तर्गत सवाई छन्दको प्रयोग गरिएको छ । यस कविता लोक छन्दअन्तर्गत पर्ने हुनाले यस कविताको लय विधान श्रुति माधुर्य रहेको छ ।

**४.४.५ शव्दभण्डार**

यस कवितामा शब्दहरुको सङ्ख्या १७१ रहेको छ । शब्दस्रोतका दृष्टिले शब्दहरुलाई तत्सम र तद्भव शब्दहरुमा राखिएको छ । उदाहरणको लागि तत्सम र तद्भव शब्दहरुलाई निम्नानुसार तालिकामा देखाइन्छ :

| तत्सम शब्द | तद्भव शब्द |
|---|---|
| शिर, शान्तिप्रेमी, स्वाभिमानी, साम्राज्य, निष्पक्ष, गीत, गुण, विश्व, परदेशी, पुरुषार्थी, भावना, हारी जीवन, स्वच्छ नाम आदि । | कता, कोदाली, पसिना, लड्छु आदि । |

## ४.५ घामछाया कविता

### ४.५.१ शीर्षक विधान

प्रस्तुत कविता घामछाया कवि माधव घिमिरेद्वारा रचना गरिएको हो । “घाम” र “छाया” छुट्टाछुट्टै स्वतन्त्र शब्द हुन् । यी दुई शब्दका बीचमा षष्ठी तत्पुरुष समास भई घामछाया शब्दको व्युत्पादन भएको छ । शीर्षकसँग समायोजित हुँदै कविताको विषयवस्तु अगाडि बढेको छ ।

यस कवितामा कविले घामछायाँको वर्णन गरेका छन् । घामछायाँ कति राम्रा छन् । उनीहरु दुबै चउरमा एकै ठाउँ खेल्छन् । खोलावारिबाट खोलापारि तर्छन् । डाँडा वारिपारि लुकामारी गर्छन् ।  जब घाम नरमाइलो मानी डाँडामा बस्छ त्यसैबेला छायाँ शीतल लिएर उड्दै आउँछे । घामछायाँ मिलेर फूलमा रङग भर्छन् र आफूले भरेको आफ्नो त्यो सीप हेरी उनीहरु आफै दङ्ग पर्छन् । घाम आकाशको चेलो हो र छायाँ धरतीकी चेली हो । उनीहरुमा सधैँ बालपन र सधैँ हाँसीखेली छ भनेर प्रस्तुत कवितामा व्यक्त गरिएको हुनाले कविताको शीर्षक घामछायाँ सार्थक देखिन्छ ।

### ४.५.२ कविताको संरचना

यस कविताको संरचनागत पक्षको अध्ययन गर्दा प्रत्येक श्लोकमा ४ पाउ रहेको देखिन्छ । यो कविता जम्मा १२ पङ्क्तिमा आवद्ध गरिएको छ ।

### ४.५.३. भावविधान

कवि माधव घिमिरेद्वारा लिखित प्रस्तुत 'घामछाँया' कवितामा कविले घाम र छायाको वर्णन गरेका छन् । घाम र छाया कति राम्रा छन्, उनीहरु दुबै चउरमा एकै ठाम खेल्छन् । त्यस्तैगरी घामछायाँ खोलावारिवाट खोलापारि तर्दै डाँडावारिपारि लुकामारी गर्छन् । जब घाम बेलुका डाँडामा नरमाइलो मानी बस्छ त्यसैबेला छायाँ शीतल लिएर आउँछे । प्रकृतिको सफा चित्रण गरी प्रकृतिप्रेमी भावको विकास गर्ने उद्देश्य प्रेरित भाव विधान देखिन्छ ।

घामछाँया मिलेर फूलमा रङग भर्छन् र उनीहरु आफ्नो सीप हेरेर आफै दङ्ग पर्छन् । घाम आकाशको चेलो र छाया धरतीकी चेली हुन् । उनीहरुमा सधैं बालापन छ र सधैँ हाँसीखेली रहन्छन् भन्ने भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

### ४.५.४ लय विधान

यस कविताको लय विधान लयात्मक र श्रुति माधुर्य रहेको छ ।

### ४.५.५ शब्दभण्डार

प्रस्तुत 'घामछाँया' कवितामा प्रयोग भएका शब्दहरुको सङ्ख्या १४४ रहेको छ । शब्द स्रोतको दृष्टिले तत्सम् र तद्भव शब्दको प्रयोग गरिएको छ । उदाहरणको लागि तालिकामा निम्नानुसार देखाइन्छ :

| तत्सम शब्द | तद्भव शब्द |
| --- | --- |

| | |
|---|---|
| कति, रङ्ग, बालापन, आकाश, शीतल, मेघ, मानी, छाया, आदि । | राम्रो, छाँया, घाम, चउर, चेलो, खोला, सीप, धरती आदि । |

## ५.१ 'सानु छ है' सानु कविताको विश्लेशण

### ५.१.१ शीर्षक विधान

'सानु छ है सानु' कविता कृष्णप्रसाद पराजुलीद्वारा रचना गरिएको एक उत्कृष्ट कविता हो । यस कवितामा कविले नयाँ घरको छानु सानो छ । आफ्नो नयाँ घरको छानु सानो भए पनि आफ्नो घर छाडेर अन्त कतैपनि जानुहँदैन भनेका छन् ।

एक-एक दाना छरेर मानापाथि पारेर आफ्नै पाखुरी चलाएर खानु पर्छ भनेका छन् । यस्तैगरी विभिन्न ठाउँहरु भुलेर चुप लागेर बस्नु हुँदैन । यस्तै गरी दुई चरण खुली खुसीमा गीत गाएर राम्रो काम गर्ने मान्छेलाई ठूली गर्दै जानुपर्छ भनेर प्रस्तुत कवितामा कविले घरको छानु सानु छ है सानु भनेर वर्णन गरेकाले शीर्षक सार्थक देखिन्छ ।

### ५.१.२ कविताको संरचना

यस कविताको संरचना पक्षको अध्ययन गर्दा प्रत्येक श्लोकमा ४ पाउ रहेको देखिन्छ । यो कविता जम्मा १६ पङ्क्तिमा आवद्ध गरिएको छ । कविताको संरचनाले लोक छन्द तर्फ संकेत गर्दछ । अक्षर संरचना तल माथि परे पनि लय निर्धारणमा संरचनाले वाधा नपुग्ने देखिन्छ ।

### ५.१.३ भाव विधान

कवि कृष्णप्रसाद पराजुलीद्वारा लिखित प्रस्तुत 'सानु छ है सानु' कवितामा कविले आफ्नो घरको छानो सानो छ, सानो भएपनि त्यो छोडेर अन्त कही पनि जानु

हुदैन । एक-एक दाना छरेर पाथीमानु पारेर आफ्नै पाखुरी चलाएर खानु पर्छ । त्यस्तै गरी विभिन्न ठाउँहरु भुलेर चुप लागेर बस्नु हुदैन भनेका छन् ।

खुसीमा दुई चरण खुली गीत गाएर, राम्रो काममा लाग्ने मान्छेलाई सबैले ठुली गर्दै जानुपर्छ भन्ने भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ । बालमनोगतमा कर्तव्य बोधको भाव जागृत गराउने उद्देश्यअनुरुप यसको भाव ओजपूर्ण छ ।

### ५.१.४ लय विधान

यो कविता लोक छन्दअन्तर्गत बालगीतमा पर्दछ । त्यसैले यस कविताको लय विधान बाल गीतअन्तर्गत पर्ने हुनाले  यस कविताको लय विधान मिठो रहेको छ ।

### ५.१.५ शब्दभण्डार

प्रस्तुत 'सानु छ है सानु' कवितामा प्रयोग भएका शब्दहरुको सङ्ख्या १११ रहेको छ । स्रोतका दृष्टिले तत्सम र तद्भव शब्दको प्रयोग गरिएको छ । तत्सम र तद्भव शब्दहरुलाई तालिकामा निम्नानुसार देखाईन्छ :

| तत्सम शब्द | तद्भव शब्द |
|---|---|
| पाथी, गाउनु, चुप, चरण आदि । | काम, मान्छे, नाक, आफ्नो, अन्त, के, आज आदि । |

**सारांश**

शोधकार्यमा राखिएको उद्देश्यहरु पूरा गर्नेक्रममा पाठ्यपुस्तकमा प्रयुक्त कविताहरुको विश्लेषणात्मक अध्ययन गरिएको छ । कविताहरुका विषयवस्तु, शब्दभण्डार पाठ्यक्रम अनुरुपता तथा लय विधान र अभ्यासमा मात्र सीमित रहेको छ ।

पाठ्यक्रम अनुरुपताका आधारमा कविताको छनोट र स्तरण निर्धारण गरिएको छ ।

## अध्याय-चार

## नमुना अभ्यासको अध्ययन

### ५.१. प्रयोजन अनुरुपताको दृष्टिले नमुना अभ्यासको विश्लेषण

पाठ्यक्रमका उद्देश्य पूर्ति गर्न भाषा पाठ्यपुस्तकमा पाठहरु समावेश गरिएको हुन्छ । पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरु भन्दा ती पाठका आधारमा गराइने अभ्यास महत्वपूर्ण हुन्छन् । भाषा पाठ्यपुस्तकको मूल पाठको पछाडि दिइएका अभ्यासलाई नमुना अभ्यास  भनिन्छ । अभ्यासबाट सिकाइलाई प्रभावकारी रुपमा संचालन गर्न भाषिक सीपको विकास गर्न मद्दत मिल्दछ । भाषिक नमुना अभ्यासले शिक्षक र विद्यार्थी दुबैका लागि निर्देशनको काम  गर्दछ । ती अभ्यासहरु विधा एवम् उपलब्धिहरुको प्रयोजन एवम् कार्यअनुरुप हुनुपर्छ । भाषा पाठ्पुस्तकमा नमुना अभ्यास राख्ने आधार पाठ्यक्रमका उद्देश्यहरु प्राप्त गर्नु, भाषिक कुशलताको विकास गर्नु र विषयवस्तुसम्बन्धी बोध गराउनु आदि हो । पाठको अन्त्यमा दिइएका नमुना अभ्यासबाट भाषिक आधारमा भाषिक अभ्यासहरुको सिर्जना गरेर अभ्यास गराउन शिक्षकलाई आधार तयार हुन्छ । नमुना अभ्यासमा प्रश्नहरु कण्ठस्थ, बोध, प्रयोगात्मक, सङ्क्षिप्त उत्तरात्मक र वस्तुगत प्रश्नहरु राखिएका हुन्छन् । यस्ता किसिमका प्रश्नबाट कविता पढेर विभिन्न कोणबाट कविताको विश्लेषण गर्नुका साथै व्याकरण कोटिहरुको पहिचान गर्न सकिन्छ । यसले शिक्षण कार्यलाई प्रभावकारी बनाउन मद्दत गर्छ ।

कविताले विषयवस्तुलाई भावनात्मक गहिराइमा पुऱ्याउनुका अतिरिक्त मानवीय मूल्य, मान्यता र चिन्तनसँग परिचित हुने अवसर दिँदै जीवनलाई

निराशपनबाट मुक्त गरी रसिक बनाउन पनि सहयोग पुऱ्याउँछ । कविताामा विम्व, प्रतीक, लय, अलङ्कारिक प्रयोग आदि कुराहरु पाइन्छन् । नमुना अभ्यासमा कविताको गति, यति र लय मिलाएर सस्वरवाचन गर्न लगाउने प्रश्न राखिनाले कवितााप्रति विद्यार्थीहरुको रुचिमा अभिवृद्धि हुन्छ ।

कविता गद्यात्मक र पद्यात्मक दुबै किसिमका भए पनि विद्यालय तहमा राखिएका कविता चाँहि पद्यात्मक नै बढी भएकोले त्यसैका आधारमा भाषा शिक्षण गराइएमा भाषिक क्षमता तथा कविता आस्वादन गर्ने क्षमताको समेत विकास हुन्छ । तसर्थ यसको मुख्य प्रयोजन कवितात्मक आस्वादन गराउने, भाववोध गराउने, र लयवद्ध वाचन गराउने, कविता प्रति अभिरुचि बढाउने र शुद्ध उच्चारण गराउने हो ।

कविता विधाको उक्त स्वरुपअनुसार यसमा समाविष्ट नमुना अभ्यासमा निम्नानुसार सीपहरुको निर्वाहले यसको यसको प्रयोजनको पुष्टि गरेको छ ।

### ५.१.१. गति, यति र लयबोध

वाचनको क्रममा आनन्द प्राप्ति गराउने राम्रो सुन्दर साङ्गितिक लय, आरोह, अवरोह भएको विधा कविता हो । कविता शिक्षण गर्दा गति, यति र लयले मनलाई आनन्दित बनाउने हुनाले बालबालिकालाई पढाइप्रति अभिप्रेरित गर्न सहयोग पुग्छ । त्यसैले गति, यति र लय शुद्ध उच्चरणसँग सम्वन्ध गराई शिक्षण गर्नु पर्दछ । कविताको मूल मर्म लयमा रहेको हुनाले लयबद्ध वाचन यसको मूलभूत उद्देश्य हो ।

(प्राथमिक शिक्षा पाठ्क्रम २०६३)

### ५.१.२. भाववोध

भाववोधद्वारा भन्न खोजिएको विषयलाई विस्तृत रुपमा वर्णन गर्नु भन्ने बुझिन्छ । कविताामा भएका अंशको भावले कविताले दिन खोजेको सन्देश प्राप्त गर्न सक्नुपर्छ ।

(प्राथमिक शिक्षा पाठ्क्रम २०६३)

**५.१.३.** कविताको भाव स्पष्ट पार्ने क्रममा त्यहाँ प्रयुक्त शब्दहरुको अर्थ खुलाउनु राम्रो हुन्छ । शब्दले सन्दर्भगत अर्थ र कविताामा त्यसको महत्वका बारेमा खुलस्त पारिएन भने त्यसको औचित्य रहँदैन । त्यसैले कविताामा शब्दार्थको महत्वपूर्ण स्थान रहन्छ ।

## ५.२. नमुना अभ्यासका विविधता

नमुना अभ्यासमा विभिन्न किसिमका प्रश्नहरु र समस्याहरु समावेश गरिएका हुन्छन् । कुनै विषयवस्तुमा आधारित प्रश्न र समस्या हुन्छन् भने कुनै भाषिक सीपमा आधारित हुन्छन् । अन्य विषयका तुलनामा भाषा विषयका नमुना अभ्यास फरक हुने भएकाले यसमा समावेश गरिने प्रश्नहरु पनि फरक हुनु स्वभाविक हुन्छ । भाषा शिक्षणको उद्देश्य भाषाको चारओटै सीपको विकास गराउनु हो । त्यसैले एकै प्रकारका प्रश्नहरुमा यो सम्भव हुँदैन । भाषा पाठ्यपुस्तकका पाठहरुमा मुख्यतः भाषिक सीपको प्रकृतिको आधारमा अभ्यासमा पनि विभिन्न प्रकृतिका प्रश्नहरु समावेश गरिएको पाइन्छ । तिनीहरु निम्नानुसार चर्चा गरिन्छ :

### ५.२.१. निबन्धात्मक प्रश्न

विद्यार्थीहरुको विषयप्रतिको ज्ञान, विषयको अभिव्यक्ति, मौलिकता, विश्लेषण क्षमता, आलोचना, समालोचना आदिको मूल्याङ्कन गर्ने उद्देश्यले बनाइएका

प्रश्नलाई निबन्धात्मक प्रश्न भनिन्छ । यो विस्तृत र स्वतन्त्र रुपमा उत्तर दिने प्रश्नको प्रकार हो । यसमा प्रश्नको उत्तर निबन्ध जस्तै लामो भएकाले यसलाई निबन्धात्मक प्रश्न वा लामो उत्तर आउने प्रश्न भनिएको हो । निबन्धात्मक प्रश्नवाट भाषिक सीप हासिल गर्न, विविध पक्षको एकै साथ उपयोग गर्न सकिने हुनाले निबन्धात्मक प्रश्नको नमुना अभ्यासमा ठूलो योगदान रहेको हुन्छ ।

### ५.२.२. सङ्क्षिप्त उत्तरात्मक प्रश्न

प्रश्नहरुको उत्तर छोटो सरल तथा स्पष्ट तरिकाले लेख्नुपर्ने प्रश्नलाई छोटो उत्तरात्मक प्रश्न भनिन्छ । यो निबन्धात्मक र वस्तुगत प्रश्नको बीचको प्रश्न हो । भाषा पाठ्यपुस्तकको नमुना अभ्यासमा प्रयुक्त सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरु लिखित तथा मौखिक दुबै प्रयोजनका लागि उपयोग ठानिन्छ । सामान्यतया यस्ता प्रश्नहरुका उत्तरहरु एक शब्द वा वाक्यदेखि लिएर एक अनुच्छेदसम्मका हुन सक्ने हुनाले उत्तरगत दृष्टिले प्रश्नमा विभिन्नता हुनु स्वभाविक छ ।

(अधिकारी, २०५०-पृ.२१४)

### ५.२.३. वस्तुगत प्रश्न

लामो उत्तर लेखिरहनु नपर्ने र ठीक उत्तर मात्र छनोट गरे पुग्ने प्रश्नलाई वस्तुगत प्रश्न भनिन्छ, (शर्मा, २०५७ पृ.१६२) ।

वस्तुगत प्रश्नहरुको सबभन्दा ठूलो विशेषता एक पटकमा एउटा कुराको मात्र परीक्षण गर्नु हो । यस्ता प्रश्नहरु अभिव्यक्ति सीपको परीक्षणमा प्रत्यक्ष उपयोगी

ठानिदैन तर बोध उच्चारण शब्दार्थ, शब्द प्रयोग, वर्णविन्यास र व्याकरणका तत्वहरुको मूख्यतया पहिचान गर्न सकिन्छ, (अधिकारी, २०५० पृ२१५) ।

प्राथमिक तहको पाठ्यपुस्तकको कविता विधामा रहेको अभ्यासहरुमा यस्ता वस्तुगत प्रश्नहरु समावेश गरिएका हुन्छन् ।

### ५.३.१. नमुना अभ्यासमा समावेश गरेका प्रश्नहरु

नमुना अभ्यासमा समावेश गरेका प्रश्नहरु भाषा पाठ्यपुस्तकमा अभ्यासको महत्वपूर्ण भूमिका रहन्छ । जति बढी अभ्यास र पुनरावृति भयो त्यसबाट त्यति नै सफलता प्राप्त हुन्छ । त्यसका लागि विभिन्न प्रकृतिका अभ्यासहरुको आवश्यकता पर्दछ । त्यसकारण पाठ्यपुस्तकमा विभिन्न प्रकृतिका अभ्यासहरु राखिएका हुन्छन् जसबाट पाठका उद्देश्यहरु पूर्तिका लागि सहयोग पुग्दछ ।

कविता विधाका नमुना अभ्यासमा दिएका प्रश्नलाई निम्ननुसार तालिकावाट देखाइन्छ :

| क्र.सं. | पाठ | कण्ठस्थ | बोधात्मक | जम्मा |
|---|---|---|---|---|
| १ | मेरो देश | ७ | ८ | १५ |
| २ | किताव | १२ | ७ | १९ |
| ३ | खेतीवाल | १४ | ६ | २० |
| ४ | नेपाली | १० | ५ | १५ |
| ५ | घामछाया | ५ | ५ | १० |
| ६ | सानु छ है सानु | ११ | ६ | १७ |

माथिको तालिकाबाट 'मेरो देश' भन्ने कवितामा कण्ठस्थ ७ ओटा र बोधात्मक ८ ओटा गरी जम्मा १५ ओटा प्रश्नहरु रहेका छन् । 'किताब' कवितामा कण्ठस्थ १२ र बोधात्मक ७ गरी जम्मा १९ ओटा प्रश्नहरु रहेका छन् । 'खेतीवाल' कवितामा कण्ठस्थ १४ ओटा र बोधात्मक ६ गरी जम्मा २० ओटा प्रश्नहरु रहेका छन् । 'नेपाली' कवितामा कण्ठस्थ १० ओटा र बोधात्मक ५ ओटा गरी जम्मा १५ ओटा प्रश्नहरु समावेश गरिएको छ । घामछाया कवितामा कण्ठस्थ ५ ओटा र बोधात्मक ५ ओटा गरी जम्मा १० प्रश्नहरु दिइएका छन् । 'सानु छ है सानु' कवितामा कण्ठस्थ ११ ओटा र बोधात्मक ६ ओटा गरी जम्मा १७ ओटा प्रश्नहरु रहेका छन् । नमुना अभ्यासमा राखिएका प्रश्नहरुले विद्यार्थीमा केही मात्रामा भएपनि भाषिक सीपमा सहयोग पुऱ्याउँछ । व्याकरणात्मक धारणाको विकास गर्न र सिर्जनात्मक कविता लेखनको विकास गर्नमा पनि अभ्यासले मद्दत गर्दछ ।

### ५.४.१ नमुना अभ्यासमा समावेश गरिएका प्रश्नहरु

**कण्ठस्थ प्रश्नहरु**

१. 'मेरो देश' कविताको पहिलो हरफ कण्ठ गरेर आऊ ।

२. खाली ठाउँमा छुटेका शब्द भरः-

क) नेपालीको ................ पुग्छ, देशले ............. भन्छ
नेपाललाई ........... भने .......... मलाई गन्छ ।

ख) मनुष्यको जीवनमार्ग खास
......................................
पढेर राम्रा बढिया किताब

....................................

३) किताब कविता कण्ठस्थ पारेर आऊ ।

४) तलका शब्दको अर्थ भनः-

क) विशेषता

ख) नजान्ने

ग) दिक्दार

घ) बितेका कुराको वर्णन

५) 'खेतीवाल' कविता कण्ठस्थ पारेर आऊ ।

६) खाली ठाउँमा छुटेका शब्द भरः-

कोदालीको ........................ राइफलको नाल

पसिनाको ............................. जीवनको ढाल

**बोधात्मक प्रश्नहरु**

१) देश कहाँ रहेछ ?

२) देशका परिवार को-को हुन् ?

३) किताबले कुन-कुन विषयको ज्ञान दिन्छ ?

४) नेपालीको खेती के हो ?

५) नेपाली कस्ता-कस्ता छन् ?

६) घाम र छाया कहाँ लुकामारी गर्छन् ?

७) आकाशको चेलो र धरतीकी चेली भनेका के-के हुन् ?

८) तिमीले कुन-कुन खोला वा नदी देखेका छौ ?

९) पाखुरी चलाएर खानु भनेको के हो ?

१०) नाकमा लगाउने गहनालाई के भनिन्छ ?

## सारांश

पाठको अन्त्यमा दिइएका नमुना अभ्यासबाट भाषिक सीप लगायत पाठ्यक्रमका उद्देश्यहरु पूर्ति गर्न आवश्यक हुन्छ । कविताका ६ ओटा पाठहरुलाई हेर्दा कण्ठस्थ र बोधात्मक अभ्यासलाई समावेश गरिएको पाइन्छ । जसमा कण्ठस्थ ५९ र बोधात्मक ३७ ओटा प्रश्नहरु रहेका देखिन्छन् ।

# अध्याय-पाँच

# निष्कर्ष र सुझावहरु

## ६.१. निष्कर्ष

प्रस्तुत अध्ययन निर्दिष्ट पाठ्यपुस्तकमा समाविष्ट कविता विधामा मात्र केन्द्रित रहेको छ । खासगरी भाषा पाठ्यपुस्तकमा भाषिक पक्ष नै महत्वपूर्ण भएता पनि समाविष्ट भएका विधा तथा उपविधा उत्तिकै अर्थपूर्ण हुन्छन् । वर्तमान परिप्रेक्षमा कुन उमेर समूहका विद्यार्थीहरुलाई के कस्तो विषयवस्तु उपयुक्त हुन्छ भन्नेबारे पूर्ण अध्ययन भई नसकेको हुँदा यस्तो परिस्थितिमा प्रस्तुत अध्ययन केही मात्रामा सहायक हुन सक्ने देखिएको छ ।

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित प्राथमिक तह कक्षा तीनको 'मेरो नेपाली' पाठ्यपुस्तकमा प्रयुक्त कविता विधाको विश्लेषणात्मक अध्ययन शीर्षकको प्रस्तुत शोधकार्यबाट निम्नलिखित निष्कर्षमा पुग्न सकिन्छ :

१. विद्यार्थीको स्तर तथा मनोवैज्ञानिक पक्षलाई ध्यानमा राखेर बनाइएको पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक निर्माणका लागि पाठहरु लिएका हुन्छन् । प्राथमिक तह कक्षा तीनको 'मेरो नेपाली' पाठ्यपुस्तकमा पनि कथा, कविता, जीवनी, प्रबन्ध, संवाद आदि विधाहरु समाविष्ट छन् । यस आधारमा हेर्दा पुस्तकमा विधागत चयन उपयुक्त नै देखिन्छ ।

२. यस पाठ्यपुस्तकको पाठ्यभार ८ र पूर्णाङ्क १०० कायम गरिएको छ ।

३. कक्षा ३ को 'मेरो नेपाली' पाठ्यपुस्तकमा पाठहरुको सङ्ख्या १८ र त्यसमध्ये ६ ओटा पाठहरु कविताका रहेका छन् ।

४. प्राथमिक तहको कविता विधाबाट मुख्य रुपमा विद्यार्थीहरुलाई गति, यति र लय मिलाएर कविता वाचन गर्ने क्षमता हासिल गराउनु पर्ने हुन्छ तथापि कविताका अभ्यासमा गति, यति र लय हाली पढ्ने बानीको विकास गर्ने अभ्यासहरु राखिएको पाइन्छ । जुन सकारात्मक पक्ष हो ।

५. प्राथमिक तहका विद्यार्थीहरुको स्तर अनुरुप कविता विधाको रखाइस्तर उपयुक्त नै देखिन्छ ।

## ६.२. सुझावहरु

१. पाठ्यक्रममा कक्षागत उद्देश्यहरु निर्धारण गरिनुपर्छ ।

२. पाठ्यभार शिक्षक निर्देशिकामा हुनुपर्छ तर शिक्षक निर्देशिकामा पनि अनुमानित पाठघण्टी भनेर लेखिएको छ । पाठघण्टी दिइएको छैन, त्यसमा उल्लेख गरिनुपर्छ अथवा सम्बन्धित निकायले ध्यान पुऱ्याउन जरुरी छ ।

३. प्रत्येक विधाका लागि अङ्क विभाजन गरिएको हुनुपर्छ ।

४. प्रत्येक विधाका उद्देश्यहरु पाठ्यक्रममा उल्लेख गरिनुपर्ने तर पाठ्यक्रममा यस्तो विभाजन गरेको नपाइएकोले ध्यान पुऱ्याउन जरुरी छ ।

५. शिक्षण विधि स्पष्ट किटान भएको हुनुपर्छ ।

६. कविता विधाको क्रम सरलदेखि जटिलतिर हुनुपर्ने देखिन्छ ।

७. तत्सम् र तदभव शब्दहरुको प्रयोग ठीक रुपमा दिनु पर्छ । कतिपय शब्दहरु विद्यार्थीहरुको दैनिक व्यवहारमा प्रयोग नहुने खालका देखिएकाले तिनीहरुलाई सरल बनाउनु पर्ने देखिन्छ ।

८. पाठ्यपुस्तकमा राखिएका कतिपय कविताहरु लामा र जटिल पाइएकोले यसलाई ध्यान दिई विद्यार्थीको स्तर र रुचि अनुरुपका कविताहरु राख्नु उपयुक्त देखिन्छ ।

## ६.३. शैक्षणिक अनुप्रयोग

शिक्षा क्षेत्रमा शैक्षिक प्रक्रियाहरुका सम्बन्धमा नयाँ-नयाँ तथ्यहरुको प्रतिपादन गर्न अनुसन्धानको जरुरत पर्दछ । वैज्ञानिक विधिहरुको प्रयोग गरी अघि बढाइएको यस प्रकारको अनुसन्धानले विभिन्न शैक्षिक समस्याहरु समाधान गर्न सहयोग पुऱ्याउँछ । शिक्षण सिकाइ प्रक्रियामा प्रभावकारी विधिहरुको खोजी गर्न प्रयोग गरिएको शिक्षण सामग्री पाठ्यक्रम, पाठ्यपुस्तक लगायत लगानीहरुको प्रभावकारिता र सर्वसुलभताको मूल्याङ्कन गर्न, ज्ञानको सङ्गठित स्वरुपको खोजी जस्ता महत्वपूर्ण कार्यका लागि अनुसन्धान महत्वपूर्ण हुन्छ । शिक्षा एक व्यवहारिक विज्ञान हो तसर्थ मानिसका व्यवहार नियन्त्रण गर्न र भविष्यवाणी गर्ने कार्यमा अनुसन्धानको जरुरत पर्दछ । तसर्थ शैक्षिक क्षेत्रमा नयाँ-नयाँ विधि, क्षेत्रहरुको पहिचान र आविष्कार गर्न यसको उपयोग गरिन्छ । कविता विधाको विश्लेषणात्मक अध्ययनले कविताको विकासक्रम, संरचना पक्ष, भावविधान, अलङ्कार, विधान छन्दसम्बन्धी ज्ञानका साथै भाषिक सीप विकासको ज्ञान प्राप्त हुन्छ । तसर्थ कक्षा तीनको मेरो नेपाली किताबमा प्रयुक्त कविताहरुको विश्लेषणात्मक अध्ययनले कविताको विकासक्रम, संरचना पक्ष, भावविधान, अलङ्कार विधान, छन्दसम्बन्धी ज्ञानका साथै भाषिक सीप विकासको ज्ञान प्राप्त हुन्छ । तसर्थ कक्षा तीनको मेरो नेपाली किताबमा

प्रयुक्त कविताहरुको विश्लेषणात्मक अध्ययनको शैक्षणिक अनुप्रयोग निम्न रुपमा प्रस्तुत गर्न सकिन्छ :

१. भाषा पाठ्यक्रममा समावेश गरिएका चारै भाषिक सीपहरुका उद्देश्य पूरा हुने गरी विधागत छनोट तथा विधागत क्षेत्र निर्धारण गर्न,

२. विद्यालय तहको पाठ्यक्रममा समावेश गरिने कविता विधाको शिक्षण प्रक्रिया तथा निर्धारण गरिएको सिकाइ उपलब्धिहरुका आधारमा कविता विधा शिक्षण गर्न,

३. प्रस्तुत अध्ययनले विद्यालयका विद्यार्थीहरुको सिर्जनात्मक क्षमताको विकास गर्न,

४. मातृभाषा नेपाली पहिलो र दोश्रो हुने विद्यार्थीहरुले कविता वाचनको क्रममा हुने त्रुटिहरु पहिचान गर्न,

५. तत्सम, तद्भव र आगन्तुक शब्दहरुलाई उपयुक्त रुपमा प्रयोग गर्न,

६. छन्दसम्बन्धी ज्ञानको साथै छन्दको प्रयोग गरी कविता लेख्न,

७. पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासहरुको उपयुक्तताबारे निष्कर्ष निकाल्न,

८. नयाँ तथ्य, ज्ञान तथा सिद्धान्त प्रतिपादन गर्न,

९. नयाँ विषयवस्तुमा अनुसन्धान गर्न,

१०. पाठ्यक्रम र पाठ्यपुस्तकको मूल्यांकन गर्न,

११. शिक्षण विधि र शैक्षिक पद्धतिलाई सरल र प्रभावकारी बनाउन,

१२. कार्यमूलक अनुसन्धान गर्न,

१३. पाठ्यपुस्तक लेख्न,

१४. उपयोगी ज्ञान र सीपको खोजी गर्न,

१५. विद्यार्थीको सामूहिक रुपमा अध्ययन गर्न,

१६. सिकाइमा पुरस्कार र दण्डको उपयोगले शैक्षिक उपलब्धिमा पर्ने असर अध्ययन गर्न,

१७. तथ्याङ्कहरुलाई तालिकिकरण र व्यवस्थित गर्न,

१८. अनुसन्धानकर्ताको मनोवल वृद्धि गर्न,

१९. अध्येताले अन्वेषणात्मक क्षमताको अभिवृद्धि गर्न,

२०. विद्यालय तथा विश्वविद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई मार्ग निर्देश गर्न ।

## ६.४. आगामी अनुसन्धानको लागि सम्भावित शीर्षकहरु

- कक्षा तीनको पाठ्यपुस्तकमा सम्भावित कविता विधाका लागि आवश्यक शैक्षिक सामग्रीको अध्ययन ।
- गाउँमा अवस्थित विद्यालयहरु र शहरमा अवस्थित विद्यालयहरुमा कक्षा तीनमा अध्ययनरत विद्यार्थीहरुको विषयवस्तुसम्बन्धी क्षमताको अध्ययन ।
- प्राथमिक तहमा कविता शिक्षण विधिको प्रभावकारिताको अध्ययन ।

## सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज (२०५७), **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

अधिकारी, हेमाङ्गराज (२०५३), **नेपाली भाषा शिक्षण** (तृतीय संस्करण) काठमाडौं : कुञ्जन प्रकाशन ।

आचार्य, माधवप्रसाद र रामप्रसाद गौतम (२०६५), **नेपाली भाषा र साहित्य शिक्षण** काठमाडौं : दीक्षान्त प्रकाशन

कार्की, संगिता (२०५८), **कक्षा ४ मा कविता शिक्षणका लागि प्रयोग गर्न सकिने शिक्षण विधिहरुको अध्ययन** (अप्रकाशित शोधपत्र स्नातकोत्तर तह) काठमाडौं : त्रि.वि. नेपाली भाषा शिक्षा विभाग

खनाल, कमलराज (२०५९), **मेरो नेपाली कक्षा ४ र सजिलो नेपाली माला कक्षा ४ को तुलनात्मक अध्ययन** (अप्रकाशित शोधपत्र स्नातकोत्तर तह) काठमाडौं, त्रि.वि. नेपाली भाषा शिक्षा विभाग

खनाल, रामचन्द्र (२०५६), **कक्षा ९ को नेपाली पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन** (अप्रकाशित शोधपत्र स्नातकोत्तर तह) काठमाडौं : त्रि.वि. नेपाली भाषा शिक्षा विभाग

गिरी, हिमालय (२०५४), स्तर अनुरुपताका दृष्टिले **मेरो नेपाली किताबमा प्रयुक्त शब्द भण्डारको विश्लेषणत्मक अध्ययन** (अप्रकाशित शोधपत्र स्नातकोत्तर तह) काठमाडौं : त्रि.वि. नेपाली भाषा शिक्षा विभाग

नेपाल, गोमा (२०६४), **कक्षा ४ को मेरो नेपाली किताब** (अप्रकाशित शोधपत्र स्नातकोत्तर तह) त्रि.वि. नेपाली भाषा शिक्षा विभाग

भट्टराई, वद्री विशाल र हेमाङ्गराज अधिकारी **प्रयोगात्मक वृहत शब्दकोष**, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार

लम्साल , रामचन्द्र र अन्य (२०६२), **नेपाली भाषा शिक्षण** काठमाडौंः भुँडीपुराण प्रकाशन

लामिछाने, यादवप्रकाश (२०६७), **नेपाली भाषा शिक्षण** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार

शर्मा, केदाप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण** काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज

भण्डारी पारसमणि र अन्य (२०६८), भाषिक अनुसन्धान विधि, काठमाडौंः पिनाकल पब्लिकेशन ।

भण्डारी, पारसमणि (२०६२), स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण, काठमाडौंः न्यू हिरा बुक्स ।

## सन्दर्भ सूचि

अधिकारी, हेमाङ्गराज (२०५७), **भाषाशिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,** काठमाडौंः विद्यार्थी पुस्तकभण्डर ।

कार्की, संगिता (२०५८), **कक्षा ४ मा कविता शिक्षणका लागी प्रयोग गर्न सकिने शिक्षण विधिहरुको अध्ययन** (अप्रकाशित शोध पत्र स्नातकोत्तर तह) काठमाडौंः त्रि.वि. नेपाली भाषा शिक्षा विभाग ।

खनाल, कमलराज (२०५९) **मेरो नेपाली किताब कक्षा ४ र सजिलो नेपाली माला कक्षा ४ को तुलनातमक अध्ययन** (अप्रकाशित शोध पत्र स्नातकोत्तर तह) काठमाडौंः त्रि.वि. नेपाली भाषा शिक्षा विभाग ।

ढकाल, लक्ष्मीप्रसाद (२०५५) **कक्षा ५ मा कविता शिक्षण गर्दा प्रयोग गरिएको शिक्षण विधिहरुको अध्ययन** (अप्रकाशित शोधपत्र स्नातकोत्तर तह) काठमाडौंः त्रि.वि. नेपाली भाषा शिक्षा विभाग ।

भट्टराई, बद्रि विशाल र हेमाङ्गराज अधिकारी **प्रयोगात्मक वृहद् शब्दकोश** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौंः न्यु हिरा बुक्स इन्टरप्राइजेज

भण्डारी, पारसमणि (२०६२), स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण, काठमाडौंः न्यू हिरा बुक्स ।

........................ (२०६८), नेपाली भाषा शिक्षण, काठमाडौंः पिनाकल पब्लिकेशन ।

.......................... र अन्य (२०६८), भाषिक अनुसन्धान विधि, काठमाडौँः पिनाकल पब्लिकेशन ।